UNITED NATIONS NATIONS UNIES

संयुक्त राष्ट्रसंघका महासचिवका तर्फबाट उहाँका प्रवक्ताद्वारा जारी वक्तव्य

न्युयोर्क, २७ मे २०१०

आफ्नो महत्त्वपूर्ण काम सम्पन्न गर्नुपर्ने अवधि २८ मे २०१० को समयसीमा समाप्त हुनलाग्दा पनि संविधानसभाको म्याद थप्ने कुरामा राजनीतिक मतभिन्नताका कारण राजनीतिक दलहरू अझै सहमतिमा पुग्न नसकेकोमा महासचिव गम्भीर रूपमा चिन्तित हुनुहुन्छ। नयाँ संविधान बनाउने काममा संविधानसभाले गरेको प्रगति र संविधानसभा आफैले पनि शान्ति प्रक्रियाको महत्त्वपूर्ण तथा कठिनताका साथ हासिल गरेको उपलब्धिको प्रतिनिधित्व गर्छ। संविधानसभा तथा शान्ति प्रक्रियालाई जोगाउने उद्देश्यमा पुनः ऐक्यबद्ध हुन राजनीतिक दलका नेताहरूलाई महासचिवले आग्रह गर्नु भएको छ। अहिलेको समय राष्ट्रिय स्वार्थ नै सर्वोपरी हो ।